# प्रतिवेदन २०६३-६६

चुम कल्याण समिति

सोनाम लामा, सचिव

**Contact Address:**

Bhagwan Pau, Swoyambhu Nath,

Kathmandu, Nepal

Email: twc4tsum@yahoo.com http://tsumvalley.org/

**२०६६ अशोज २२**

चुम कल्याण समिति

**नेपालमा राणा शासन काल आए, प्रजातन्त्र आए, पञ्चायत व्यवस्था आए विभिन्न कालखण्डहरू आए र अहिले लोकतन्त्र आएको छ। देश लोकतन्त्रमय भएको छ समग्र सामाजिक, आर्थिक विकासका मुद्दाहरू नयाँ बानेश्वरको अन्तराष्ट्रिय सम्मेलन केन्द्र (संविधान भवन) भित्र छलफलको विषयमा सिमित भएको छ।**

**विकट र दुर्गम गाउँबस्तिहरूमा मानिसहरू चरम गरिबि, अशिक्षाको मार खेपिरहेकै छन्। यसबाट उत्पन्न भएका अनेक समस्याहरूले न त ढिलो भईरहेको संविधान कुर्न सक्छ न त कुनै राजनीतिक अन्यौलतालाई कुर्न सक्छ। समस्याहरूको समयमै समाधान नहुँदा समस्या माथि अझ समस्याहरूको चाङ् थुप्रिरहेको छ। यस्तो विकराल अवस्थामा पनि विशेष गरी दुर्गम हिमाली भेगहरू जस्तै चुम क्षेत्र जुन राज्यको पहुँचबाट ज्यादै टाढा छ, त्यस्ता ठाउँलाई राहत स्वरूप विकास निर्माणका कार्यक्रमहरूको अत्यान्तै खाँचो छ। जहाँ राज्यको उपस्थिति छैन, त्यहाँ स्थानीय तहलाई नयाँ नेतृत्त्व दिई उनीहरूलाई नै विकास निर्माणको प्रमुख हिस्सेदार बनाउनु महत्वपूर्ण विकल्प हो। राज्यको समग्र व्यवस्था संक्रमणकालमा गुज्रिरहे पनि गरिब जनताहरू भोक-भोकै भने पक्कै बस्न सक्दैनन्। वास्तवमा उनीहरूलाई राजनीति कुन चराको नाम हो थाहा छैन तर चेतनशील मानिस भएको नाताले ऊ जहिले पनि विकास चाहन्छ, परिवर्तन चाहन्छ।**

**यस धरातलिय यथार्थलाई मनन गरी विकट हिमाली जिल्ला र अन्य पहाडी क्षेत्रमा शिक्षा, स्वास्थ्य, सामाजिक र आर्थिक विकास गरी पिछाडिएका वर्गका उत्थान र जनहितका विभिन्न काम गरी सो क्षेत्रका जनताको जीवनस्तर उकास्ने र उनीहरूलाई विभिन्न सुविधा पु-याउने मूल उद्देश्यका साथ चुमबाट आई काठमाडौं बसोबास गरिरहेका केही जागरूक समूहले चुम कल्याण समिति भन्ने संस्था मिति २०६३ साल मंसीर ८ गते शुक्रबारका दिन काठमाडौं जिल्ला प्रशासन कार्यालयमा दर्ता गरियो।**

# विषयसूचि

१. कार्यक्रम संक्षिप्त झलक ....6
२. मनास्लु लोत्से स्वर्ण महोत्सव ....9
३. डुन्लु गीत रेकर्डिङ्....9
४. छ्योक्टुल तेन्जिन फुन्जो रिनपोछे तेम्डेल ....9
५. विभिन्न संघ-संस्थाहरूसंग प्रमण्डल (डेलिगेशन) ....10
६. ठुन्कार त्युचेन र अन्य कार्यक्रम ....10
७. प्रधनमंत्री तथा गृह, पर्यटन मंत्रालयमा ज्ञापन-पत्र....10
८. चुम विकास विचार धारणा ....10
९. वेभ साइट....10
१०. गोर्खा महोत्सव २०६४ ....11
११. टाकर छेच्यु छेन्मो....11
१२. ठ्राङ्गु रिनपोछे जन्म दिवस ....11
१३. चुम भ्याली एक्सप्लोरेशन ट्रेक २००८....11
१४. हिमाली सभासदलाई बधाई तथा छलफल....12
१५. विविध तालिम तथा सम्मान कार्यक्रम....12
१५.१ ईको ट्रेक वर्कशप ....12
१५.२ नेतृत्व विकास तालिम ....12
१५.३ आधारभूत पत्रकारिता तालिम ....12

**१५.४ गोर्खा पर्यटनबाट सम्मान कार्यक्रम....12**

**१५.५ प्रशंसा-पत्र....13**

**१६. मनास्लु दिवस....13**

**१७. राष्ट्रिय जातिय संग्राहलयबाट चुम भ्रमण तथा अवलोकन....13**

**१८. छात्रावृत्ति कार्यक्रम....13**

**१८.१ "चुम कल्याण समिति छात्रावृति २०६५"....13**

**१८.२ "चुम कल्याण समिति छात्रावृति २०६६"....14**

**१९. स्वास्थ्य शिविरः....14**

**१९.१ प्रथम चुम स्वास्थ्य शिविर....14**

**१९.२ बृहत स्वास्थ्य शिविर २०६५....14**

**१९.३ चौथो स्वास्थ्य शिविर....15**

**२०. उप समिति गठन....15**

**२१. चुम भ्याली वेभसाईट नवीकरण....15**

**२२. ठ्राङ्गु गुम्बा राम्ने....15**

**२३. ठ्राङ्गु तारा आब्बे....16**

**२४. चुम महोत्सव २०६६....16**

**२५. राहत खाद्यान्न वितरण....17**

**२६. ङाक्यु-लेरू खानेपानी आयोजना....17**

**२७. शिक्षक डेलिगेशन....17**

**२८. खाङ्सार लाङ्राङ्लाई सहयोग....18**

**२९. अस्थायी शिक्षक नियुक्ति** ........ 18

**३०. आपतकालिन सहयोग** ........ 18

**३१. डकुमेन्ट्री शो** ........ 18

**३२. पदयात्रा (TREKKING)** ........ 18

चुम कल्याण समिति

चुम कल्याण समितिले २०६३ देखि २०६६ साल असोज महिनसम्मा निम्न लिखित क्रियाकलापहरू सम्पन्न गरेको छः

## १. कार्यक्रम संक्षिप्त झलक

| **क्र. सं.** | **के कार्यक्रम** | **कहिले** | **चुम कल्याण समितिको भूमिका** | **कति खर्च** | **कसले खर्च गरेको** |
|---|---|---|---|---|---|
| १. | मनास्लु लोत्से स्वर्ण महोत्सव | डिसेम्बर २००६ | प्रमुख सहभागी | १०,००० | समिति |
| २. | ङुन्लु गीत रेकर्डिङ् | डिसेम्बर २००६ | सहभागी | ३००० | समिति |
| ३. | विभिन्न संघ-संस्थाहरूसंग डेलिगेसन | डिसेम्बर २००६ | आयोजक | - | समिति |
| *४.* | *छ्योक्टुल तेन्जिन फुन्जो रिनपोछे* | *मार्च २००६* | *सहभागी* | *२०,०००* | *समिति* |
| ५. | चुम सम्बन्धि अध्ययन | फेब्रुअरी-डिसेम्बर २००७- | अनुसन्धन सहयोगी | ५००००० | ईसिमोड |
| ६. | ठुन्कार त्युचेन | हरेक वर्ष | आयोजक | ५०० | समिति |
| ७. | निषेधित पर्यटन हटाउने | २००६ | प्रमुख नेतृत्व | १५०० | समिति |
| ८. | चुम विकास विचार गोष्ठी | २००६ | आयोजक | १५,००० | समिति |
| ९. | वेभ साइट | २००७ | प्रायोजक | १०,००० | समिति |
| १०. | गोर्खा महोत्सव २०६४ | २०६४ | सहभागी | २५,००० | समिति र गाविस |
| ११. | टाकर छेच्यु छेन्मो | २०६४ | प्रमुख सहभागी | १६,००० | समिति |

चुम कल्याण समिति

| | | | | | |
|---|---|---|---|---|---|
| १२. | ठाङ्गु रिनपोछे जन्म दिवस | २०६४ | प्रमुख सहभागी | १५,००० | समिति |
| १३. | चुम भ्याली एक्सप्लोरेशन ट्रेक २००८ | मे २००८ | सह-आयोजक | ६००,००० | टान, एनटिबि, एनटिएनसि |
| १४. | हिमाली सभासदलाई बधाई तथा छलफल | २००८ | सह-आयोजक | ५५०० | समिति |
| १५. | मनास्लु दिवस | मे २००६-०८ | सह-आयोजक | १०,००० | गोर्खा पर्यटन |
| १६. | ईको ट्रेक वर्कशप | अप्रिल २००८ | सहभागी | ६००० | टान |
| १७. | नेतृत्व विकास तालिम | अप्रिल २००८ | सहभागी | ३००० | नेफिन |
| १८. | पत्रकारिता तालिम | अप्रिल २००८ | सहभागी | ३००० | नेफिन |
| १९. | टाकर छेच्यु कार्यक्रम | २००८-०९ | सक्रिय भूमिका | २०,००० | टाकर कल्याणकारी समिति |
| २०. | चुम भ्रमण तथा अवलोकन | २००८ | सहयोगी भूमिका | - | राष्ट्रिय जातिय संग्रहालय |
| २१. | छात्रावृत्ति कार्यक्रम | २००८ | आयोजक | १२,००० | लोप्साङ छिरिङ लामा (प्रायोजक) |
| २२. | ठाङ्गु गुम्बा राम्ने | २००८ | सहभागी | - | समिति |
| २३. | ठाङ्गु तारा आब्बे | २००८ | सहभागी | - | समिति |

चुम कल्याण समिति

| | | | | | |
|---|---|---|---|---|---|
| २४. | स्वास्थ्य शिविर तथा खाद्यान्न वितरण | २००९ | आयोजक | २०,००,००० | आर्क नेपाल |
| २५. | चुम महोत्सव २०६६ | २००९ | आयोजक | ४००,००० | समिति, छेकम्पार नमूना गाविस, मनासलु संरक्षण क्षेत्र , छेकम्पार संरक्षण व्यवस्थापन मूल समिति |
| २६. | राहत खाद्यान्न वितरण | २००९ | आयोजक | १५,००,००० | आर्क नेपाल |
| २७. | ङाक्यु-लेरू खानेपानी | २००९ | आयोजक | १८,००,००० | आर्क नेपाल |
| २८. | स्वास्थ्य शिविर | नोभेम्बर २००९ | आयोजक | २५,००००० | आर्क नेपाल |
| २९. | शिक्षक डेलिगेशन | २००९ | संयोजक | १५,००० | स्थानीय जनता र समिति |
| ३०. | खाङ्सार लाङ्ङलाई सहयोग | २०१० | प्रायोजक | ५७०० | समिति |
| ३१. | अस्थायी शिक्षक नियुक्ति | २०१० | प्रायोजक | ६०,००० | समिति |
| ३२. | कपडा वितरण | २०१० | सह-आयोजक | ८०,००० | अमेरिकन नागरिक |
| ३३. | आपतकालिन सहयोग | २०१० | सहयोगी | १०,००० | समिति |
| ३४. | डकुमेन्ट्री शो | २०१० | आयोजक | १५२,००० | समिति |
| ३५. | विभिन्न पदयात्रा | २००९-२०१० | आयोजक | - | समिति |

## २. मनास्लु लोत्से स्वर्ण महोत्सव

विश्व वातावरण संघ (**IUCN**-The World Conservation Union) र नेपाल पर्वतारोहण संघ संग सहकार्य गरी “मनास्लु-लोत्से” स्वर्ण महोत्सवको अवसर पारी समितिले संस्कृतिक नाच, प्रकृतिक-संस्कृतिक सम्पदाहरूको प्रदर्शनी गरियो। यसैगरी समितिका सचिव सोनाम लामाले “हिमालय टुरिज्म कन्फेरेन्स २००६” मा २५ मिनेट लामो चुम सम्बन्धि स्लाईड शो देखाईयो। सोहि सम्मेलनमा चुम्बाहरूको संलग्नताबाट आकर्षित भई एकिकृत अन्तरराष्ट्रिय पर्वतीय विकास केन्द्र-**ICIMOD** ले चुम सम्बन्धि अध्ययन-अनुसन्धन गर्ने सहयोग भयो। समितिका सचिव सोनाम लामाले सो अध्ययनको नेतृत्व गरी “**The Great Himalayan Preparatory Study-Tsum Valley, Gorkha District**” को प्रकाशन गरिएको छ। यस पुस्तकले चुम क्षेत्र पर्यटकीय दृष्टिकोणले अति नै महत्वपूर्ण भएको र जसको सही प्रचार-प्रसारमा विशेष जोड दिनु पर्ने आवश्यकता देखाईएको छ। साथै यसले पदयात्रा सम्बन्धि व्यवसय गर्नेहरूको पहुँचसम्म पु-याउन पनि विशेष भूमिका खेल्दै आईरहेको छ।

नेपाल सरकार, नेपाल पर्वतारोहण संघ, राष्ट्रिय प्रकृति संरक्षण कोष, विश्व वन्यजन्तु कोष, नेपाल पर्यटन बोर्ड, आई यू सि एन र ईसिमोडले चुम कल्याण समितिको सक्रिया भूमिकाको पहिचन गरी संयुक्त रूपमा सम्मानका साथ प्रशंसा-पत्र प्रदान गरिएको थियो।

## ३. डुन्लु गीत रेकर्डिङ्

कला, संस्कृतिको संरक्षण र संवर्धन गर्ने समितिको प्रमुख उद्देश्य अनुसार नेपाल टेलिभिजन, सिंह-दरबारमा “**चिनारी कार्यक्रम**” को लागि चुम क्षेत्रमा लोप हुने अवस्थामा रहेको डुन्लु रेकर्ड गरिएको थियो। साथै सोहि अवसर पारी अति महत्वपूर्ण परम्परागत चुम्बा नृत्यको छायांकन गरी सार्वजनिक रूपमा प्रदर्शन गरिएको थियो।

## ४. छयोक्टुल तेन्जिन फुन्जो रिनपोछे तेम्डेल

३ मार्च २००६ का दिन छेकम्पार गाविस -१ का आपे लामा र ढोमा छेन्झोम लामाका सुपुत्र तेन्जिन फुन्जो लामा स्वर्गिय लामा कुन्च्योकका अवतार भएर जन्मेको अवसर पारी समितिले मण्डल तेन्सुम (विशेष सम्मान) प्रदान गरेको थियो।

## ५. विभिन्न संघ-संस्थाहरूसंग प्रमण्डल (डेलिगेशन)

समितिको अध्यक्ष निमा लामाको नेतृत्वमा चुमको विकास अवधारणालाई सशक्त ढंगले कार्यान्वयन गर्न विभिन्न सरकारी र गैर-सरकारी संस्थाहरूसंग डेलिगेशन गएको थियो:

आई यू सि एन, ईसिमोड, एन टि एन सि, ईको हिमाल, नेपाल पर्वतारोहण संघ, समग्र विकास सेवा केन्द्र, नेपाल वातावरण पत्रकार समूह, नेपाल आदिवासी जनजाति महासंघ, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान्,

## ६. ठुन्कार त्युचेन र अन्य कार्यक्रम

चुम्बाहरू बौद्ध धर्मावलम्बि भएकोले वार्षिक रूपमा धार्मिक तथा आध्यात्मिक गुरूहरूको जन्मोत्सव अर्थात ठुन्कार त्युचेन मनाउने लगायत अन्य सामाजिक कार्यक्रमहरू गरियो। जस्तै: लुङ्तार राख्ने र पिकनिक जाने, चुम्बा थुक्ट्यो अर्थात वार्षिक मेला, फानिङ ।

## ७. प्रधनमंत्री तथा गृह, पर्यटन मंत्रालयमा ज्ञापन-पत्र

२०६३ साल मंसीर १८ गते चुम क्षेत्रमा निषेधित पर्यटन हटाउन चुम कल्याण समितिले प्रधान मंत्रीको कार्यालय, गृहमंत्रीको निजि सचिवालय र तत्कालिन पर्यटन तथा नागरिक उड्डयान मंत्री प्रदिप ज्ञावली ज्यू समक्ष समितिका अध्यक्ष निमा लामाको टोलिले ज्ञापन-पत्र पेश गरेको थियो। जसको लागि स्थानीय तहदेखि जिल्ला र केन्द्रिय स्तरसम्मा अनुसन्धन गरी निषेधित पर्यटन सन् २००७ को डिसेम्बर (२०६४ असोज ३० गते)देखि सामूहिक पर्यटनको लागि खुला गरिएको छ।

## ८. चुम विकास विचार धारणा

चुम क्षेत्रको समष्टिगत विकासको लागि २०६३ सालमा भएको "**चुम विकास विचार गोष्ठी**" लाई आवश्यक परिमार्जन तथा थप विश्लेषणका साथ अन्तिम प्रकाशनको लागि काम भईरहेको छ।

## ९. वेभ साइट

लुकेको अवस्थामा रहेको चुम क्षेत्र र त्यहाँका समस्याहरूलाई अन्तराष्ट्रिय जगतलाई सम्बोधन तथा सम्पर्क गर्न चुम कल्याण समिति साधारण सभाको अवसर पारी समितिका अध्यक्ष निमा लामा बाट चुम सम्बन्धि व्यापक र विस्तृत सूचना सामग्री सहितको वेभ साईट (http://tsumvalley.org/) को उदघाटन गरियो।

## १०. गोर्खा महोत्सव २०६४

२०६४ साल पौष २० गतेदेखि २४ गतेसम्म आयोजना भएको १२ औं गोर्खा महोत्सवमा समितिले सक्रिय भूमिका निर्वाह गरी सांस्कृतिक झाँकीका साथ -यालीमा प्रदर्शन गरिएको थियो। त्यसैगरी चुमको विविध नाचहरू पनि प्रस्तुत गरिएको थियो। यही महोत्सवमा सम्पन्न भएको भेषभूषा प्रदर्शनीमा प्रथम स्थान हासिल गरी नगद ३००० रूपियाँ समेत पुरस्कार र प्रशंसा-पत्र प्रदान गरेको थियो।

## ११. टाकर छेच्यु छेन्मो

गोदावरी गुम्बा टाकर छेच्यु छेन्मो कार्यक्रमको अवसरमा समितिले टाकर रिन्पोछे समक्ष मण्डल तेन्सुम प्रदान गरेको थियो।

## १२. ठ्राङ्गु रिनपोछे जन्म दिवस

मंसीर ४ गते तदनुसार डिसेम्बर २००७ मा ठ्राङ्गु रिनपोछेको जन्म दिवस (ठुन्कार त्युचेन) को अवसरमा समितिले मण्डल तेन्सुम् अर्पण गरेको थियो। सोहि अवसर पारी चुम्बा जनजातिको परम्परागत नृत्य प्रदर्शन पनि गरेको थियो।

## १३. चुम भ्याली एक्सप्लोरेशन ट्रेक २००८

सन् २००८ मे ११ देखि २८ सम्मा टान, एनटिएनसी र एनटिबिको संयुक्त पहलमा चुम कल्याण समितिले चुम क्षेत्रलाई विस्तृत र व्यापक रूपले पर्या-पर्यटनको प्रचार-प्रसार गर्न "**चुम भ्याली एक्सप्लोरेशन ट्रेक २००८**" को आयोजना गरियो। जस अन्तर्गत पदयात्रीहरूको लागि अति नै आवश्यक पर्ने नक्शा र २५ मिनेट लामो भिडियो डकुमेन्ट्री बनाएको छ। समितिबाट सचिव सोनाम लामाको नेतृत्वमा र महिला सदस्य फुन्जो डोमा लामाले सक्रिया भूमिकामा २६ दिने लामो पदयात्रा सम्पन्न भएको थियो। करीब २५ जना संख्याको भरियाहरू, ४ जना अनुभवी शेर्पाहरू, क्यामेराम्यान र नक्शा विशेषज्ञा आदि गरि जम्मा १६ जनाको प्राविधिक टोलिलाई समितिका अध्यक्ष निमा लामा र टानका निवर्तमान अध्यक्ष ज्योति अधिकारीले ठमेलबाट बिदाई गरेको थियो। यस अवलोकन समूहले चुम क्षेत्रबाट तिब्बत छिर्ने ५०९३ मिटरको उचाईमा अवस्थित ङ्युला डाजेन पासमा पुगेर टुङ्ग्याईएको थियो। (***हेर्नुहोस् विस्तृत प्रतिवेदान Tsum Valley Exploration Trek 2008***)

## १४. हिमाली सभासदलाई बधाई तथा छलफल

२०६५ साल श्रावण ११ गते नेपालमै पहिलो पटक भएको संविधान सभाको सभासद ज्यूहरूलाई सम्मन तथा छलफल कार्यक्रमको आयोजना गरेको थियो। सोहि अवसरमा समितिले चुम्बा जनजातिको परम्परागत नृत्य पनि प्रदर्शन गरेको थियो।

## १५. विविध तालिम तथा सम्मान कार्यक्रम

### १५.१ ईको ट्रेक वर्कशप

समितिले चुम क्षेत्रमा पर्या-पर्यटनको विकासको लागि तालिम तथा अन्तर्किया कार्यक्रमको लागि टानद्धारा प्रयोजित "**Eco Trek Workshop 2008**" मा निम्न चुम्बाहरूलाई पठाईएको थियो:

निटुप लामा, छेकम्पार गाविस -१, छ्योकाङ्

तेन्जिन पल्बर लामा, छेकम्पार गाविस-४, ङाक्यु

### १५.२ नेतृत्व विकास तालिम

आदिवासी जनजाति महासंघ, जनजाति सशक्तिकरण आयोजनाले संचालन गरेको "**नेतृत्व विकास तालिम**" का लागि समितिका सचिव सोनाम लामालाई सहभागी गराईएको थियो।

### १५.३ आधारभूत पत्रकारिता तालिम

आदिवासी जनजाति महासंघ, जनजाति सशक्तिकरण आयोजनाले संचालन गरेको "**आधारभूत पत्रकारिता तालिम**" लागि छेकम्पार गाविस-९, निलेका छिरिङ् फुन्जो लामालाई सहभागी गराईएको थियो।

### १५.४ गोर्खा पर्यटनबाट सम्मान कार्यक्रम

गोर्खा पर्यटनले तत्कालिन पर्यटन मन्त्री हिसिला यमि ज्युको प्रमुख आतिथ्यमा चुम कल्याण समितिका अध्यक्ष निमा लामा र समितिकै सचिव सोनाम लामालाई चुम जस्तो पर्यटकिय दृष्टिकोणले अत्यान्तै महत्वपूर्ण तर अति विकट ठाउँमा पनि पर्यटन क्षेत्रको विकासमा योगदान पु-याए बापत दोसल्ला ओडाई सम्मान गरी प्रशंसा-पत्र प्रदान गरिएको थियो।

### १५.५ प्रशंसा-पत्र

चुम कल्याण समितिले २००८ र २००९ को टाकर छेच्यु कार्यक्रममा सक्रिया भूमिकाको पहिचान गरी टाकर छेच्यु समितिले प्रशंसा-पत्र प्रदान गरेको छ।

## १६.मनास्लु दिवस

सन् २००६ देखि २००८ सम्माको मे ९ तारीखका दिन गोर्खा पर्यटनसंग सह-आयोजक भै मनास्लु दिवसमा सक्रिय सहभागी भएको थियो।

## १७.राष्ट्रिय जातिय संग्राहलयबाट चुम भ्रमण तथा अवलोकन

२०६५ सालकै जेष्ठ महिनामा राष्ट्रिय जातिय संग्रहालयका महासचिव तीर्थ राईको प्रतिनिधित्वमा चुम्बा जनजातिको अध्ययन तथा अवलोकन गर्न चुम क्षेत्रको भ्रमण गरेको थियो। समितिले छेकम्पार गाविस-१ का निट्टुप लामालाई सहयोगी एवं दोभाषेको रूपमा र चुम जनजाति सम्बन्धि अन्य विविध जानकारी एवं स्रोतहरू जुटाएर महत्वपूर्ण सहयोगीको भूमिका खेलेको थियो। साथै गाउँस्तरमा चुम्बा जनजातिको सामाजिक, सांस्कृतिक र ईतिहाससम्बन्धि जानकारी वयोवृद्ध समाज सेवी छेकम्पार गाविस-१ का साङ्गे दोर्जे लामाले दिनुभएको थियो। जस अनुसार चुम्चेत र छेकम्पार गाविसभित्रका बासिन्दाहरू "सियार" नभएर "चुम्बा" भएको पुष्ठी गरेको छ। (हेर्नुहोस्: राष्ट्रिय जातिय संग्राहलय वार्षिक प्रतिवेदान २०६४-६५)

## १८.छात्रावृत्ति कार्यक्रम

### १८.१ "चुम कल्याण समिति छात्रावृत्ति २०६५"

चुम कल्याण समितिले चुम जस्तो अति नै विकट क्षेत्रबाट आई जिल्लाको सदरमुकम गोर्खा बजारमा अध्ययनरत महिला, जेहेन्दार र आर्थिक रूपले विपन्न दुईजना विद्यार्थीहरूलाई बार्षिक ६००० रूपियाँको दरले "चुम कल्याण समिति छात्रवृति २०६५" प्रदान गरियो। यस छात्रावृत्ति कार्यक्रमलाई छेकम्पार गाविस-१ का लोप्साङ छिरिङ लामाले आर्थिक रूपमा सहयोग गरेको थियो। जस अनुसार निम्न बियालयका निम्न विद्यार्थीहरूले छात्रवृति प्राप्त गरेका छन्:

चुण्डि झाङमु लामा, छेकम्पार गाविस-१, छ्योकाङ, श्री महेन्द्र ज्योति मा वि, दरबार-मार्ग, गोर्खा।

लोप्साङ छिरिङ लामा, छेकम्पार गाविस-१, छ्योकाङ, श्री शक्ति मा वि, पाटेचौर, गोर्खा।

### १८.२ "चुम कल्याण समिति छात्रावृति २०६६"

चुम कल्याण समितिका अध्यक्ष श्री निमा लामा र सचिव श्री सोनाम लामाले "चुम कल्याण समिति छात्रावृत्ति २०६६" निम्न विद्यालयका निम्न विद्यार्थीहरूलई प्रदान गरियो:

भुच्युङ लामा, छेकम्पार गाविस-५, ङा गाउँ, श्री महेन्द्र ज्योति मा वि, दरबार-मार्ग, गोर्खा।

ङवाङ सोनाम लामा, छेकम्पार गाविस-१, छ्योकाङ, श्री शक्ति मा वि, पाटेचौर, गोर्खा।

## १९. स्वास्थ्य शिविर:

### १९.१ प्रथम चुम स्वास्थ्य शिविर

चुम कल्याण समिति र Act of Random Kindness (ARK) को संयुक्त तत्वधानमा दुर्गम स्वास्थ्य शिविरको कार्यक्रम आयोजना गरेको थियो। २०६५ साल मंसीर १५ गतेका दिन राजेन गुम्बामा करीब ३०० जना स्थानीय बासिन्दाहरूलाई नि:शूल्क स्वास्थ्य शिविर गरियो। सोहि क्रममै समितिको छुट्टै पहलमा तल्लो चुम क्षेत्रको चुम्लिङमा करीब १५० को संख्यामा नि:शुल्क स्वास्थ्य शिविर र नि:शुल्क औषधी वितरण गरिएको थियो। समितिका महासचिव श्री छिरिङ फुन्जो लामाले यस कार्यक्रमलाई नेत्तृत्व दिएको थियो।

### १९.२ बृहत स्वास्थ्य शिविर २०६५

सन् २००९ को मार्च महिनको १५ देखि २२ सम्म तल्लो र माथिल्लो चुम क्षेत्रमा बृहत स्वास्थ्य शिविर गरेको छ। जसमा तल्लो चुमका करीब ३०० जना र माथिल्लो चुमका २०० जनालाई नि:शूल्क स्वास्थ्य शिविर र औषधि वितरण गरिएको थियो। समितकै महासचिव छिरिङ फुन्जो लामाले मेडिकल सम्बन्धि संयोजन र समितिका सचिव सोनाम लामाले सम्पूर्ण कार्यक्रमको संयोजकको भूमिका निर्वाह गरेको थियो।

यस शिविरको लागि काठमाडौंबाट ७ जना डाक्टरको समूह, ५ जना अष्ट्रेलियान सहयोगीहरू, सहयोगी, फोटो ग्राफर, प्रेस र करीब ३० जनाको भरिया गरी झण्डै ४० जनाको समूह आरूघाट बजार हुँदै पाँच दिनको यात्रा गरि पहिलो शिविर चुम्लिङमा र दोस्रो शिविर राजेन गुम्बा परिसरमा गरिएको थियो। स्वास्थ्य शिविर संग-संगै १० किलोको राहत प्याकेज प्रत्येक घरधूरि (जम्म जम्मी ७००)लाई वितरण गरिएको थियो।

## १९.३ चौथो स्वास्थ्य शिविर

चुम कल्याण समिति र Act of Random Kindness-**ARK** को संयुक्त तत्वधनमा सन् २००९ को नोभेम्बर महिनमा समितिका अध्यक्ष श्री निमा लामा र महासचिव श्री छिरिङ् फिन्जो लामाको नेतृत्वमा चौथो स्वास्थ्य शिविर सम्पन्न भएको थियो। सो कार्यक्रमको लागि वीर अस्पतालबाट फिजिसियन, सर्जन, महिला रोग र दन्त विशेषज्ञ र भिडियो तथा अन्य स्वयँसेवकहरू गरी दश जनाको टोलिले तल्लो र माथिल्लो चुम क्षेत्रमा दुई-दुई दिन गरि शिविर संचालन गरेको थियो।

## २०.उप समिति गठन

मिति २०६५ फाल्गुन २३ गते चुम कल्याण समितिको प्रमुख उद्देश्य अनुरूप चुम क्षेत्रको सामाजिक र आर्थिक विकास गरी समग्र समुदायको जीवनशैलीमा परिवर्तन ल्याउन स्थानीय तहभित्रका स्रोत र साधनहरूलाई विशेष जोड दिनको लागि समितिका अध्यक्ष निमा लामाको आथित्यामा हरेक वडाबाट दुई-दुई जनाको प्रतिनिधि तोकि नोर्के लामा अध्यक्ष र टसि लामा सचिव गरी १७ सदस्यिय उप-समिति गठन गरिएको छ। हालको लागि माथिल्लो चुम क्षेत्रको छेकम्पार गाविसमा गठन गर्ने र बिस्तारै तल्लो चुम क्षेत्रमा पनि गठन गर्ने निर्णय भएको छ। (हेर्नुहोस् एनेक्समा: छेकम्पार उप-समितिका प्रतिनिधिहरूको सूचि)

## २१. चुम भ्याली वेभसाईट नवीकरण

चुमलाई विशेष गरी अन्तराष्ट्रिय जगतमा चिनाउनको लागि चुम कल्याण समितिले सन् २००७ देखी नै वेभ साईट (http://tsumvalley.org/) खोलेको छ। जस अनुसार यसले चुम कल्याण समितिभित्रको गतिविधिलाई मात्र नभै चुम क्षेत्रको प्राकृतिक र सांस्कृतिक पक्षलाई विशेष महत्व दिई सन् २००७ को ईसिमोडको अध्ययनलाई आधार बनाई तयार गरिएको छ। त्यसैगरी समितिले नै वार्षिक रूपले यसको नविकरणदेखि लिएर संशोधनका कार्यहरू गरिदै आईरहेका छन्।

## २२. ठ्राङ्गु गुम्बा राम्ने

सन् २००८ डिसेम्बर ५ का दिन ठ्राङ्गु टासी याङ्चे गुम्बाको राम्ने (अर्थात् उदघाटन)को अवसरमा समितिको सहभागिता रहेको थियो। काभ्रे जिल्लाको नमोबुद्धमा यस गुम्बा निर्माण सम्पन्न गरी समुदघाटन गरिएको थियो।

## २३. ठ्राङ्गु तारा आब्बे

सन् २००८ डिसेम्बार १० का दिन काठमाडौं सिता पाईलास्थित ठ्राङ्गु तारा आब्बेको समुदघाटनमा पनि समितिका पदाधिकारीहरू सहित अन्य चुम्बाहरूको सहभागिता रहेको थियो।

## २४. चुम महोत्सव २०६६

चुम क्षेत्रलाई आन्तरिक र बहया् पर्यटकहरुको लागि अति नै आकर्षक गन्तव्य स्थलको रुपमा विकास र प्रवर्धन गर्न चुम कल्याण समितिले पहिलोपटक निमा लामाको अध्यक्षतामा ३३ सदस्यिय महोत्सव मूल समारोह समिति गठन गरी कार्यक्रमका संयोजकको भूमिका सोनाम लामाले गरेको थियो। "**चुम महोत्सव २०६६**"को आयोजना गरियो। साथै महोत्सवमा स्थानीय कला, संस्कृति झल्काई त्यहाँका स्थानीय बासिन्दाहरुलाई परिचालन गरी यस्ता कार्यक्रमहरूलाई उनीहरूबाटै निरन्तरता दिने पहल गरेको थियो। महोत्सवमा स्थानीय कला, संस्कृति झल्कने खालका परम्परागत नाचगान, गुम्बाहरूमा नाचिने प्राचीन मुखुण्डो नाच (छयाम्), घोडे-जात्रा (धाच्यङ्), फूटबल, र चिङ्वा कार्यक्रमहरू गरी भव्य रूपमा संचालन भएको थियो। यस बृहत कार्यक्रमको लागि काठमाडौंबाट एक विशेष प्राविधिक समूह समितिका अध्यक्ष र सचिवको नेतृत्वमा ७ दिनको पैदल-यात्रा गरी महोत्सवलाई सफल पारिएको थियो। जसमा डकुमेन्टरी समूह (एन टि भी, चिनारी कार्यक्रमका निर्माता दिनेश कुमार शर्मा र क्यामेराम्यान कृष्ण महर्जन), पत्रकार (कान्तिपुरका संवददाता कृष्ण थापा), फोटोग्राफर (लोप्साङ् छिरिङ् लामा), लजिस्टिक सहयोगको लागि नुर्बु लामा थिए।

सम्मानिय गुरू डुक्पा रिन्पोछे ज्यूको प्रमुख आतिथ्यमा सम्पन्न भएको यस कार्यक्रममा प्रमुख आकर्षणको रूपमा हिंसा-रहित चुम क्षेत्रसम्बन्धि छेकम्पारका बासिन्दाहरुलाई विशेष धार्मिक प्रवचन र यसै शुभ अवसरमा छेकम्पार गाविसको प्रत्येक वडावासीले हिंसा-रहित चुम क्षेत्रलाई चीर कालसम्म दिगो रूपले संरक्षण गर्ने प्रतिबद्दता जाहेर गरेका थिए।, स्थानीय हस्तकला, संस्कृति, भेष-भूषा र जडिबुटिको प्रदर्शनी र सयौंको संख्यामा घोडाहरू सहितको मैत्रिपूर्ण घोडे-जात्रा रहेको थियो। चुम र यसका आसपासदेखी लिएर करीब ३००० जनाले प्रत्यक्ष रूपमा सहभागी भएको थियो। (हेर्नुहोस् विस्तृत विवरण एनेक्समा: चुम महोत्सव २०६६, जीवनमा एकपटक चुम्नै पर्ने-चुम क्षेत्र)

## २५. राहत खाद्यान्न वितरण

तल्लो चुम क्षेत्रको चुम्चेत गाविसमा लामो समयको खडेरीले गर्दा खाद्यान्नको संकट उत्पन्न भएकोले राहत खाद्यान्न वितरण गर्न समितिले महत्वपूर्ण भूमिका खेलेको थियो। जस अनुसार अष्ट्रेलियाली टोनि सेल्स (संस्थापक तथा अध्यक्ष Act of Random Kindness-ARK) को आर्थिक सहयोगमा समितिले आयोजना गरेको यस कार्यक्रममा करीब ३१० घरधूरिलाई आरूघाटबाट ३० किलोको सोना मनसुली चामल, ३ किलोको दाल र ३००० रूपियाँ आते-जाते खर्च वितरण गरिएको थियो भने बूढा-पाका, अपांग, विशेष गरी हिंडन नसक्नेहरूलाई हेलिकप्टरबाट ४८ जनालाई राहत वितरण गरिएको थियो। पहिलो, दोस्रो र तेस्रो किस्ता गरी तीन चरणमा राहत वितरण गरिएको थियो जस अनुसार पहिलो वितरणमा समितिका सचिव संगै टोनि सेल्स आफैं आरूघाट गई राहत वितरण गरिएको थियो भने दोस्रो पटक महासचिव, सचिव र अन्तिम पटक समितिका अध्यक्षले राहत वितरण गरेको थियो। (हेर्नुहोस् विस्तृत विवरण एनेक्समा: Acute Food Shortage, Lower Tsum, Gorkha)

## २६. ङाक्यु-लेरू खानेपानी आयोजना

चुम कल्याण समितिले Act of Random Kindness-**ARK** को आर्थिक सहयोगमा माथिल्लो चुम, छेकम्पार गाविसको वडा नं ३ र ४ ङाक्यु, लेरूमा विगत लामो समयदेखी नै खानेपानीको अत्यन्तै समस्या भएकोले जसको समाधान गर्नको लागि करीब ४ किलो मिटर टाढा छेपछे हिमालको आधारबाट पानी ल्याई दुईवटा १०,००० लिटर क्षमताका ट्यांकीहरू निर्माण गरी पिउने पानी वितरण गर्ने कार्यक्रम संचालन भईरहेको छ। यस आयोजनाबाट ङाक्यु, लेरू गाउँका करीब ५० घरधूरी (३०० जनाजतिले) ले उपभोग गर्न पाउनेछन्। यस कार्यक्रमको लागि समितिका सचिव सोनाम लामाले संयोजकत्वको जिम्मेवरी वाहन गरिरहेको छ।(हेर्नुहोस् विस्तृत विवरण एनेक्समा: Sustainable Drinking Water Supply Project, छेकम्पार गाविस ३ र ४, ङाक्यु-लेरू, गोर्खा)

## २७. शिक्षक डेलिगेशन

चुम क्षेत्रमा विगत केहि वर्ष यता स्थानीय विद्यालयहरूमा शिक्षकहरूको व्यापक अनियमितताले गर्दा गरीब-निमुखा बाल-वच्चाहरूको शैक्षिक अधिकारको हनन भईरहेको परिप्रेक्ष्यमा चुम कल्याण समितिले स्थानीय जनताहरू सहित संलग्न भई जिल्ला शिक्षा कार्यालयमा डेलिगेशन गएको थियो। उक्त डेलिगेशनपछि जिल्ला शिक्षा अधिकारीले सातैजना शिक्षकहरू बोलाई शैक्षिक

क्रियकलाप तुरून्त नियमित बनाउन निर्देशन दिएको थियो। चुम कल्याण समिति चुम क्षेत्रमा शिक्षाको विकास विना अन्य विकास प्राय: असम्भव छ भन्ने कुरामा स्पष्ट छ।

## २८. खाङ्सार लाड्राङ्लाई सहयोग

समितिले छेकम्पार गाविस-५ स्थित लामागाउँका खाङ्सार लाड्राङ्लाई लेटर-प्याड र छापको लागि आर्थिक सहयोग स्वरूप पाँच हजार सात सय रूपियाँ (रू ५७००।-) मात्र प्रदान गरिएको छ।

## २९. अस्थायी शिक्षक नियुक्ति

शैक्षिक क्षेत्रको विकासको लागि समितिले छेकम्पार गाविस-६, लार स्थित श्री वुद्व प्राथमिक विद्यालयमा सोहि गाविसकै श्री आङ् छिरीङ् लामालाई छ महिने अस्थायी शिक्षक नियुक्ति गरिएको छ। मासिक दश हजार रूपियाँ तलबको समेत व्यवस्था गरि अमेरिकन नागरिकर समितिको आयोजनामा निर्मित स्कूल यूनिफर्म पचास जनाको लागि पठाइएको थियो।

## ३०. आपतकालिन सहयोग

छेकम्पार गाविस-७, पाङदुनका श्री छाम्जि लामाको दुवै मृगौलामा खराबि भएकोले समितिले अक्षेरेपि दश हजार रूपियाँ सहयोग स्वरूप प्रदान गरिएको थियो।

## ३१. डकुमेन्ट्री शो

चुम क्षेत्रको सांस्कृतिक तथा प्राकृतिक संपदालाई झल्काई थप प्रवर्धन गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय जगतमा चिनारी गराउने उद्देश्यका साथ वृत्तचित्र बनाई मिति २०६६ साल माघ १६ गते शनिबार १ बजे राष्ट्रिय सभा गृहमा ऐतिहासिक गोर्खा जिल्लाको अति नै दुर्गम तथा विकट हिमालपारिको चुम क्षेत्र (छेकम्पार र चुम्चेत)सम्बन्धि वृत्तचित्र र चुम क्षेत्रसम्बन्धि फोटो प्रदर्शनी समेत गरिएको थियो। यस वृत्तचित्रलाई नेपाल पर्यटन बोर्डका कार्यकारी निर्देशक श्री प्रचण्डमान श्रेष्ठले प्रिमियर गर्नुभएको थियो। चुम क्षेत्रबाट करीब पाँच दिनको पैदल यात्रा तय गरी केही स्थानीय र अन्य गरी करीब छ सय जनाले दृश्यावलोकन गरेका थिए।

## ३२. पदयात्रा (TREKKING)

चुम कल्याण समितिले निम्न समयमा निम्न लिखित स्थानीय गाईडहरूले विदेशीहरूलाई चुम क्षेत्रको भ्रमणमा काम लगाईइको थियो:

चुम कल्याण समिति

| **क्र. स.** | **गाईड** | **मिति** | **क्षेत्र** | **समितिलाई सहयोग** |
|---|---|---|---|---|
| १. | मिङमार लामा | सन् २०१० जनवरी | चुम तथा मनास्लु | १०,०००।- र सरसफाई कार्यक्रम जनचेतना अभियान |
| २. | नामग्याल निटुप लामा | सन् २०१० फेब्रुअरी | चुम क्षेत्र | १०,०००।- र सरसफाई कार्यक्रम जनचेतना अभियान |
| ३. | लोप्साङ छिरीङ लामा<br>मिङमार लामा<br>कर्मा राप्गे लामा | सन् २०१० अप्रिल | चुम तथा मनासलु क्षेत्र | १०,०००।- र होम स्टे सम्बन्धि जनचेतना अभियान |

चुम कल्याण समिति

एनेक्सेस (Annexes)

***Tsum Valley Exploration Trek 2008***

***राष्ट्रिय जातिय संग्राहलय वार्षिक प्रतिवेदान २०६४-६५***

***Trekking for Remote Mobile Health Camp and Food Aid Program 2009, Tsum Valley, Gorkha***

***छेकम्पार उप-समितिका प्रतिनिधिहरूको सूचि***

***"चुम महोत्सव २०६६",*** *जीवनमा एकपटक चुम्नै पर्ने-चुम क्षेत्र*

***Acute Food Shortage, Lower Tsum, Gorkha***

***Sustainable Drinking Water Supply Project, छेकम्पार गाविस ३ र ४, डाक्यु-लेरू, गोर्खा***